प्रदेश सरकार

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

कोशी प्रदेश

विराटनगर, नेपाल

प.सं.: २०८१/८२

च.नं

मितिः- २०८२/०१/२५

**विषयः निबन्ध प्रतियोगिता सम्बन्धी सूचना ।**

गणतन्त्र दिवस, २०८२ को अवसरमा यस वर्ष तपशिल बमोजिमको निबन्ध प्रतियोगिता आयोजना गर्ने कार्यक्रम तय भएको हुँदा उक्त प्रतियोगितामा भाग लिन चाहने इच्छुक विद्यार्थीहरूको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

१. निबन्धको विषयः **"प्रदेश सरकारको उपलब्धि, आवश्यकता र औचित्यता"**

२. निबन्ध घटीमा आठ सय शब्द र बढीमा एक हजार शब्दको हुनुपर्नेछ।

३. निबन्ध स्पष्ट बुझिने गरी नेपाली भाषामा लेखिएको हुनुपर्नेछ (हस्तलिखित वा टाइप दुवैलाई मान्यता दिइनेछ)।

४. रचना मौलिक हुनुपर्नेछ। रचना मौलिक हो भन्ने कुरा अनिवार्य रुपमा विद्यालय/कलेजले प्रमाणित गरी पठाउनु पर्नेछ।

५. निबन्ध यही मिति २०८२ जेष्ठ ०८ गतेभित्र मन्त्रालयको पत्रचार ठेगानः आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगर वा इमेल ठेगानाः **moial.koshi1@gmail.com**मा आइपुग्ने गरी पठाउनु पर्नेछ (जेष्ठ ०८ गते पछि आएको निबन्धलाई प्रतियोगितामा समावेश गराइने छैन) ।

६. निबन्ध प्रतियोगितामा स्नातक तहसम्म अध्ययनरत विद्यार्थीहरूले भाग लिन सक्नेछन ।

७. निबन्ध प्रतियोगितामा क्रमशः उत्कृष्ट पाँच ओटा निबन्धहरूलाई पुरस्कार प्रदान गरिनेछ । पुरस्कार राशी पाँच उत्कृष्ट निबन्धका लागि क्रमशः रु. बीस हजार, रु. अठार हजार, रु. पन्ध्र हजार, रु. बाह्र हजार र रु. दस हजार हुनेछ।

८. निबन्धको विषयवस्तु भन्दा बाहिर गई लेखिएको निबन्धलाई प्रतिस्पर्धाको सूचीमा समावेश गरिने छैन ।

९. निबन्ध प्रतियोगितामा पुरस्कार छनौट समितिको सिफारिसका आधारमा अन्तिम निर्णयाधिकार आन्तरिक मामिला तथा कानून मन्त्रालयमा रहनेछ।

नोटः थप जानकारीको लागि यस मन्त्रालयका अधिकृत आठौं श्री सदानन्द भट्टराई (मो.नं. ९८४१५९४९९३) सँग सम्पर्क राख्न सकिनेछ ।

शाखा अधिकृत

फोन नं.:०२१-४७०१६८, फ्याक्स नं.:०२१-४७२६५३, ईमेलः **info.moial@koshi.gov.np**, वेबसाईट :**moial.koshi.gov.np**